# नगर प्रमुख श्री प्रभा वरालले
# नगर सभाको वैठकलाई गर्नु भएको
# सम्बोधन

राप्ती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

प्रदेश नं. ३

भण्डारा चितवन

२०७६ आषाढ १०

राप्तीनगरपालिका

नगर सभाका माननीय सदस्यज्यूहरु
हार्दिक नमस्कार

नेपालको संविधानको कार्यान्वयनसंगै तीन तहका सरकार गठन भई सम्वृद्धि र विकास तर्फ अगाडी बढिरहेको सन्दर्भमा राप्ती नगरपालिकाको पाँचौ नगर सभाको तेस्रो नीति तथा कार्यक्रम प्रस्तुत गर्न गरिमामय सभामा उपस्थित भएको छु । संघीयता कार्यान्वयनको परिप्रेच्क्षमा यस गरिमामय सभामा उपस्थित भई स्थानीय सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित महशुस गरेकी छु ।

म यस अवसरमा प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक आन्दोलनमा आफ्नो जीवन आहुती गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

**राप्ती नगरपालिकाको परिचय :**
साविकका पिप्ले, भण्डारा, वीरेन्द्रनगर, लोथर र कोराक गाविस मिलेर राप्ती नगरपालिका बनेको छ । चितवन जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित यस नगरपालिकाको पूर्वमा मकवानपुर जिल्लाको मनहरी गाउँपालिका, पश्चिममा चितवन जिल्लाको खैरहनी नगरपालिका, उत्तरमा धादिङ जिल्लाको रोराङ्ग गाँउपालिका, चितवन जिल्लाको कालिका नगरपालिका र दक्षिणमा चितवन राष्ट्रिय निकुन्ज पर्दछ । भौगोलिक, जातिगत, धार्मिक, सास्कृतिक र भाषागत रुपमा विविधता रहेको यस नगरपालिकामा विभिन्न जिल्लाबाट बसाईसराई गरेर आउनु भएका जनसमुदायको साथसाथै आदिवासीकोरुपमा बस्दै आउनु भएका चेपाङ्ग, थारु, दरै जातिको समेत उल्लेख्य बसोवास रहेको छ ।१३ वटा वडा र २१२.३ वर्ग किमि क्षेत्रफल रहेको यस नगरपालिकामा ६४८२० जनसंख्या बसोवास गर्दछन् । २ वटा क्याम्पस, ६१ वटा विद्यालय ( ५१ वटा सामुदायिक विद्यालय, १० वटा संस्थागत विद्यालय), १ वटा अस्पताल, ६ वटा स्वास्थ्य चौकी, ६ वटा दुग्ध उत्पादक सहकारी संस्था, ४ वटा साना किसान कृषि सहकारी संस्था, २४ वटा वचत तथा ऋण सहकारी संस्था, २५ वटा सामुदायिक वन उपभोक्ता समूह, २ वटा मध्यवर्ती सामुदायिक वन समिति, र विभिन्न उद्योग कलकारखाना रहेका छन् । भौगोलिक हिसावले पहाड र तराईका वडाहरु भएपनि विविध खालको कृषि उत्पादन र पर्या पर्यटनका माध्यमबाट यस नगरपालिकालाई आर्थिक रुपमा समृद्ध बनाउन सकिने आधारहरु रहेका छन् । वडा नं. १ को परेवाकोट, वडा नं. ४ को हरियाली इको पार्क, वडा नं. ५ को नागदह, वर्डा नं. ६ को जे.पी. भेट्वाल पार्क र भसमाडी गैडाढाप ताल, वर्डा नं. ७ को सास्कृतिक संग्राहलय, वार्ड नं. ८ को रातो माटे डाँडा फन पार्क, वडा नं. ९ को पानीसराढाप पिपुल्स पार्क, वडा नं. को कमिनचुली नकु गुफा यस नगरपालिकाका विशेष पर्यटकीय संभावना बोकेका क्षेत्रहरु हुन । कृषिमा धेरै सम्भावना बोकेको यस नगरपालिका तरकारी र दुधमा आत्मनिर्भर भईसकेको छ भने माछा र मह उत्पादनमा आत्मनिर्भर हुने लक्ष्य लिएकोछ । यस नगरले तय गरेको स्लोगान समृद्ध राप्तीको आधार : कृषि, पर्यटन र पूर्वाधारलाई साकार पार्न तीनै तहका सरकार र विभिन्न निकायसंग समन्वय गरी विशेष कार्यक्रमका साथ अगाडी वढेको छ । जसले गर्दा नगरको संवेदनशिल विषय शिक्षा र

स्वास्थ्यलाई टेवा पुऱ्याउदै सवैखाले पूर्वाधार विकासले नगरलाई समृद्धि तर्फ अगाडी बढाएकोछ ।

हामी २०७४ जेठ महिनामा निर्वाचित भएर आएपछि कार्यालयमा जनशक्तिको अभावका कारणले धेरै अप्ठ्याराका बावजुद कार्यसंचालन गर्नुपरेको थियो । नयां संरचना अनुसार कार्यालयलाई व्यवस्थापन गर्नुपर्ने र नगरपालिका र १३ वटै वडामा कार्यालय राखी जनतालाई दैनिक सेवा प्रवाह गर्नुपर्ने थियो । सोही अनुसार क्रमश : नगरपालिकाका सवै वडा र विषयगत शाखाहरु स्थापना गरी दैनिक सेवाप्रवाहलाई सहज, सरल र व्यवस्थित गरिएको छ । नगरपालिकाले प्रदान गर्ने सेवा, सुविधा, वजेट एवम् दैनिक प्रशासनलाई चुस्त, दुरुस्त, पारदर्शी, व्यवस्थित एवम् अध्यावधिक गर्न सुत्र सफ्टवेयर मार्फत व्यवस्थित गरिएको छ । नगरपालिकाले गरेका निर्णयहरु, सूचनाहरु, गुनासा संकलन राप्ती नगरपालिकाको आफ्नै मोवाइल एप्स मार्फत जनतालाई सूशुचित गर्ने कार्य समेत प्रारम्भ भइ सकेका छन ।

संविधानले व्यवस्था गरे अनुसार तीन तहका सरकार वीच समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा सरकार सञ्चालन गर्ने आदेशलाई यस नगरपालिकाले सवै तहका माननीयज्यूहरु र नगरपालिकाको वीचमा विकास निर्माणका हरेक काममा हार्दिकतापूर्वक कार्य सम्पन्न गर्ने गरिएको छ ।

माननीय सदस्यज्यूहरु,

**प्रथम नगरसभाबाट हाल सम्म गरिएका कार्यहरु :**

- ❖ नगरपालिकाका सवै प्रशासनिक कामहरु र राजस्व संकलनका समेत **Online Software System** बाट गरिएकोछ ।
- ❖ नगरपालिका १ देखी १३ नं. सम्मका सवै वडाहरुले नगरपालिकाबाट विनियोजित वजेट संघ, प्रदेश र विभिन्न संघ संस्थाबाट आएका वजेटहरुलाई सवै निकायसंग समन्वय गरी समयमै सम्पन्न गर्न महत्वपूर्ण भुमिका निर्वाह गरेका छन ।
- ❖ केहि महत्वपूर्ण योजनाहरु संघ, प्रदेश, स्थानीय तह र समुदायको सयुक्त लागत सहभागितामा वनिसकेका र वनिरहेका छन् ।
- ❖ राप्ती नगरपालिका भित्रका भौगोलिक, जनसाङखिक, सामाजीक, सास्कृतिक, राजनीतिक, प्राविधिक, आर्थिक र अन्य सवै विवरणहरुको संकलन गरी पार्श्वचित्र (नगर प्रोफाइल) तयार गरी प्रमाणीकरण गोष्ठी भई प्रकासन गरिएकोछ ।
- ❖ राप्ती नगरपालिकाका जनताका न्यायसंग सम्वन्धित अधिकारको सुनिश्चितताको लागि नगर स्तरीय एक वटा न्यायिक समिति, नगर स्तरीय मेलमिलाप समिति, १३ वटै वडामा मेलमिलाप समितिहरु गठन गरी प्रभावकारी ढंगले स्थानीय सरकारको अधिकार क्षेत्र भित्र रही कार्य सम्पादन गरिरहेकोछ । यि समितिहरुले स्थानीय मुद्धाहरुको स्थानीय तहबाटै छिनोफानो गरी निशुल्क न्यायिक सेवाप्रदान गरेकाछन ।

- ❖ सिमित सङ्ख्यामा उपलव्ध कर्मचारी परिचालन गरी नगरपालिका भित्रका जनतासंग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र शिक्षा, स्वास्थ्य, कृषि, पशुस्वास्थ्य, खानेपानी, सिंचाई, महिला वालवालिक, जेष्ठ नागरिक, उत्पीडित, आदिवासी, जनजाति, सिमान्तकृत लगायत विभिन्न पेशा, व्यवसायमा संलग्न समुदायको वीचमा प्रभावकारी सेवा दिने कार्यमा नगरपालिकामा कार्यरत विषयगत शाखाहरुको महत्वपूर्ण भूमिका रह्यो भने विकास निर्माण र सूचना संप्रेषणको क्षेत्रमा प्राविधिक र सूचना अधिकारीको उल्लेख्य भुमिका रहेको छ ।
- ❖ जनताका दिन दैनिक सेवाका कामहरु नगरपालिका र सवै वडा कार्यालयहरुबाट गरिएको छ ।
- ❖ नगरपालिकाको दक्षिणी सिमानामा रहेका वडा नं. १, ३ र ६ मा वन्य जन्तु र मानव वीचको द्धन्द्ध न्यूनिकरण गर्न लगभग ११४६ मीटर कंक्रिटवाल निर्माण गरिएको छ ।
- ❖ राप्ती नगरपालिकाको एउटा आर्थिक आधार पर्यटन विकास गर्नको लागि नगर भित्रका विभिन्न स्थानमा पर्यटकीय क्षेत्र घोषणा गरिएको छ ।
- ❖ बाढी तथा भू-क्षयको उच्च जोखिम भएका नगरपालिका भित्रका नदिहरु राप्ती, लोथर, पम्पा, च्यात्रा, ढुंग्रे, मारताल, सुखाखोला र लदरा खोलामा तीन तह कै सरकार, स्वीस सरकार र समुदायको सहकार्यमा तटवन्धन एवम् जलाधार संरक्षण गरी वस्ति संरक्षण गरिएकोछ ।
- ❖ सामाजिक सुरक्षा भत्ता वैङ्क मार्फत वितरण गरिएकोछ । पहाडी क्षेत्रका भौगोलिक कठिनाईलाई मध्यनजर राख्दै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनतालाई सोहि स्थानमा नै वितरण गर्ने व्यवस्था मिलाइएकोछ ।
- ❖ नगरपालिकाको सवै सूचना सवै जनतासम्म पुऱ्याउनका लागि राप्ती नगरपालिका एप्स राखिएकोछ ।
- ❖ नगरपालिकाले फरक शारीरिक अवस्था भएकाहरुको लागि आवश्यक पर्ने सहयोगी सामाग्री वितरण गर्ने, अपाङ्ग परिचय पत्र वितरण गर्ने, नगरपालिका तथा वडा स्तरीय अपाङ्ग समिति गठन गर्ने कार्य समेत गरिएकोछ ।
- ❖ राप्ती नगरपालिकाको कार्यपालिका वैठकले पहाडी क्षेत्रका चारवटा वडा १०, ११, १२ र १३ मा एकीकृत वस्ति निर्माण गर्ने निर्णय गरेकोछ ।
- ❖ नगरपालिकाका भूकम्पबाट प्रभावितहरुलाई हालसम्म निम्न अनुसारको राहत सहयोग प्रदान गरिएकोछ ।
  - कूल प्रभावित घरधुरी : २०४३
  - सर्वेक्षण गरिएको घरधुरी : २२६६

- प्रथम किस्ता प्राप्त गर्ने घरधुरी : १५६४
- दोस्रो किस्ता प्राप्त गर्ने घरधुरी : ८८४
- तेस्रो किस्ता प्राप्त गर्ने घरधुरी : ५४५
- भुकम्पबाट विस्थापितहरुलाई लालपूर्जा वितरण : १३
- प्रवलीकरण गरिएका घरधुरी : १००
- गुनासो फारम भर्ने घर : २५४२

❖ नगरपालिका भवन, नगर सभाहल, सवै पर्यटकीय स्थलहरुको डिपिआर तयार गरी निर्माण कार्य प्रारम्भ गरिएको ।

❖ राप्ती नगरपालिकामा १५ शैयाको अस्पताल स्वीकृत भई डाक्टर र स्वास्थ्यकर्मीको व्यवस्था गरी सञ्चालनमा रहेको । निकट भविष्यमा एम्वुलेन्स सेवा समेत समावेश गरिने भएकोछ ।

❖ नगरपालिकालाई विषादी रहित नगरपालिका वनाउन वर्डा नं. १ देखि आइपिएम लागू गरी प्राकृतिक विषादीलाई प्रोत्साहन र रासायनिक विषादीलाई निरुत्साहित गर्ने कार्य अगाडी वढाइएको छ ।

❖ फोहरलाई व्यवस्थापन गर्न जापनिज संस्था रिकिशी, नगरपालिका र शिवशक्ति सामुदायिक वनसंग त्रिपक्षीय सम्झौता गरी नगरपालिकामा अर्गानिक मल उत्पादन गरी अर्गानिक फलफुल तथा तरकारी उत्पादन गर्ने योजना तयार गरिएकोछ ।

❖ राप्ती नगरपालिकाले स्वीस, परिवर्तन नेपाल, शान्तिगृह नेपाल, महिला समन्वय समिति, लक्ष्मी प्रतिष्ठान, एक्का नेपाल, छहारी नेपाल लगायतका संस्थाहरुसंग समन्वय गरी तटवन्धन, गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सिचांई, वातावरण संरक्षण जस्ता क्षेत्रमा समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिएको ।

❖ यस नगरपालिकामा ७२ वटा टोल विकास संस्था दर्ता भएका छन् । ती संस्थाहरुले आ-आफ्ना टोल भित्रका विकास निर्माण, सामाजिक सेवाका कामहरुलाई आफ्नो संस्थाको विधान, लक्ष्य र उद्देश्य अनुसार महत्वपूर्ण भुमिका निर्वाह गरेका छन् ।

❖ नगरपालिका भित्रका सामुदायिक र संस्थागत गरी ६१ वटा विद्यालयलाई सञ्चालन, व्यवस्थापन, नियमित अनुगमन, निरीक्षण, आवश्यकता अनुसारको तालिम, प्रशिक्षण र नगरशिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचारी एवम् सिङ्गो समुदायका विचमा समन्वय गरी शैक्षिक उन्नयन, पूर्वाधार विकासका कार्यहरु सञ्चालन गरिएकाछन ।

❖ प्रधानाध्यापक वैठक, अविभावन भेला, विषयगत शिक्षक समिक्षा वैठक राखि समिक्षा गर्ने, शैक्षिक मूल्याङ्कन जस्ता कार्यलाई नियमित रुपमा सञ्चालन गरिएका छन ।

- ❖ पहाडी क्षेत्रका विद्यालयमा अध्ययनरत वालवालिकाको विद्यालय छोडने दरलाई कम गर्न तीन वटै सरकार र विभिन्न संघ संस्थाको समन्वयमा कान्देश्वरी तथा थाकलटारमा आवासीय छात्रवास सञ्चालन गरिएको र एउरालीटारमा आवासीय छात्रवास निकट भविष्यमा सञ्चालनमा आउदै गरेकोछ ।
- ❖ विद्यालको शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्न नगर शिक्षा समितिले आधारभूततह कक्षा ८ को परीक्षामा फरक विद्यालयका शिक्षकको निरीक्षणमा सञ्चालन गर्दा प्राप्त नतिजा राम्रो भएकोले शिक्षाको गुणस्तरमा सुधार आएको देखिएकोछ ।
- ❖ नगरपालिकाले टिकाउ र सिकाउ नारालाई साकार पार्न विद्यालय भर्ना अभियान सञ्चालन गरिएको छ ।
- ❖ एसइइ दिने विद्यार्थीको नतिजामा सुधार ल्याउन तीन महिना सम्म तीन विषयको अतिरिक्त कक्षा सञ्चालन गरिएकोछ ।
- ❖ नगरपालिका भित्र रहेका अस्पताल, स्वास्थ्यचौकीहरु र आर्युवेदिन औषधालय मार्फत जनतालाई दैनिक निशुल्क स्वास्थ्य सेवा र औषधी प्रदान गर्दै आएका छन । स्वास्थ्य शाखा र नगरपालिकाको समन्वयमा विभिन्न समयमा स्वास्थ्य सम्वन्धि सचेतनामूलक तालिम, गोष्ठी र शिविरहरु सञ्चालन गर्दै आएका छन ।
- ❖ नगरपालिकालाई पूर्णखोप नगरपालिका घोषणा गरिएको छ ।
- ❖ नगरपालिकाले कृषि शाखा मार्फत कृषि पेशामा संलग्न किसानहरुलाई अनुदानमा कृषिजन्य सामाग्री वितरण तथा उन्नत जातका धान, मकै, गँहुका वीउ वितरण, किवी, हलुवावेद र चिउरीका विरुवा वितरण, सिंचाईको सुविधा नभएका क्षेत्रमा स्यालो वोरिङ्ग र पानीतान्ने मोटर अनुदान र किसानहरुलाई व्यवसायसंग सम्वन्धित तालिम, गोष्ठी, अन्तरक्रिया र अध्ययन अवलोकन भ्रमण प्रदान गरेकोछ ।
- ❖ नगरपालिकाले पशुपालक किसानहरुलाई प्रोत्साहन गर्न संस्थागत रुपबाट दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई उनिहरुको आवश्यकता र माग अनुसार मिल्क एनालाइजर, दुग्ध ढुवानी साधन, भवन निर्माण, चिस्यान मशिन, क्यान, ट्यामी, पशुधन औषधी, पशुखोप तथा उपचार एवम् पशुस्वास्थ्य शिविर सञ्चालन गरेकोछ ।
- ❖ पशुपालक किसानहरुको समस्यालाई मध्यनजर राखी नगरपालिकामा तीनवटै सरकार र सहकारी संस्थाको सहभागितामा १ वटा दाना उद्योग र एक वटा दुग्धजन्य परिकार निर्माण उद्योग सञ्चालनको प्रक्रिया प्रारम्भ गरिएकोछ ।
- ❖ नगरपालिका भित्रका किसानले उत्पादन गरेका कृषि उपजको उचित वजारमुल्य प्राप्त गर्न नसकेकाले सो समस्या समाधान गर्न गरिवी निवारण मन्त्रालय, यूएनडिपि, जिल्लाका सहकारी संघ चितवन र राप्ती नगरपालिकाको सहकार्यमा नगरपालिकाका

चार वटा स्थान वीरेन्द्रनगर, भण्डारा, पिप्ले, आँपपानी मा सहकारी वजार विकास कार्यक्रम सञ्चालन गरी विचौलियाको अन्त्य गर्दै कृषकको उत्पादन सहकारी मार्फत विक्री गरी उचित मूल्य प्राप्त गर्ने वातावरण निर्माणको लागि चारवटा पक्ष विच सम्झौता गर्ने कार्य सम्पन्न भएको ।

❖ प्राकृतिक प्रकोप र अन्य कारणबाट उत्पन्न हुन सक्ने विपद्हरुलाई व्यवस्थापन गर्न नगरपालिकामा नगर स्तरीय विपद् व्यवस्थापन समिति वनिसकेको र वडाहरु तत्कार वडा स्तरीय विपद् व्यवस्थापन समिति वनाउने निर्णय गरिएकोछ ।

❖ विपद्बाट हुने सम्भावित क्षतिलाई न्यूनिकरण र विपद् पश्चातहुने नोक्सानीलाई व्यवस्थापन गर्न तालिम सञ्चालन र विपद् व्यवस्थापनका सामाग्रीहरुको व्यवस्था गरिएकोछ ।

❖ पूर्वका चारवटै नगरपालिकाको समन्वयमा एक थान अग्नि नियन्त्रक वाहन (दमकल) सञ्चालनमा ल्याइएकोछ ।

❖ नगरपालिका भित्रका दुर्गम वडाका जनताको समस्या र आवश्यकतालाई मध्य नजर गरेर नगरपालिका, जिल्ला प्रशासन कार्यालय, वर्डाहरु, विभिन्न सम्वन्धित निकायहरुको समन्वयमा पहाडी क्षेत्रका वडाहरु १०, ११, १२ र १३ मा नागरिकता प्रमाण पत्र, जेष्ठ नागरिक परिचय पत्र, अपाङ्ग परिचय पत्र  लगायत स्वास्थ्य उपचार शिविर समेत सञ्चालन गरिएकोछ ।

❖ नगरपालिकाले विभिन्न संघसंस्थाहरुसंगको सहकार्यमा आयआर्जन, रोजगारी, क्षमता विकास सम्वन्धि तालिम सञ्चालित गरी करिव ३५०० लाई सेवाप्रदान गरेकोछ ।

❖ नगरपालिकाले आफ्नो नगरभित्रका अति विपन्न ५० परिवारलाई टिनको छाना वितरण गरेकोछ ।

❖ जग्गा धनी पूर्जा नभएका ऐलानी जग्गामा पेशा व्यवसाय सञ्चालन गरी रहेका व्यवसायीहरुलाई खानेपानी, विद्युत सेवा भुक्तानी गरेको वीलका आधारमा व्यवसाय दर्ता गर्ने गरिएकोछ ।

❖ आन्तरिक श्रोतबाट हुने गरी नगरपालिकाले केहि कर्मचारी करारमा र प्राविधिक तर्फका कर्मचारीलाई खुल्ला प्रतिस्पर्धाबाट छनौट गरी कामको जिम्वेवारी दिइएकोछ

❖ विकास निर्माणका कामहरु दिगो रुपबाट सञ्चालन होस् भन्ने हेतुले नगरपालिकाले उपभोक्ताहरुबाट अनुगमन समिति, वडामा अनुगमन समिति, कार्यपालिकाको अनुगमन समिति, प्राविधिक कर्मचारीबाट अनुगमन, उपप्रमुख संयोजक रहेको अनुगमन समितिले अनुगमन गरे पश्चात मात्र भुक्तानी दिने गरिएको छ ।

- ❖ नगर भित्रका सवै सार्वजनिक सम्पत्ति संरक्षण गर्न उपप्रमुखको संयोजकत्वमा सार्वजनिक सम्पत्ति संरक्षण समिति गठन गरी क्रियाशिल रहेको ।
- ❖ राप्ती नगरपालिकाका प्राकृतिक श्रोत (नदिजन्य पदार्थ) को संरक्षण र व्यवस्थापन गर्न नदिजन्य पदार्थ व्यवस्थापन समिति गठन गरिएकोछ ।
- ❖ नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र रहेर हाल सम्म २१ वटा ऐन, नियमावली, कार्यविधि, निर्देशिका तयार गरी स्थानीय राजपत्रमा समेत प्रकाशित गरी कार्यान्वयनमा ल्याइएको छ ।
- ❖ नगरपालिका भित्र वसोवास गर्ने भुमिहिन नागरिकहरुको लगत संकलन कार्य सम्पन्न गरिएको ।
- ❖ नगरपालिकाले वेरोजगार नागरिकहरुको लगत संकलन गरी नियम अनुसार छनौट भएका वेरोजगारहरुलाई सूचिकृत गरी १०० दिनका लागि वडा नं. १, ३, १०, ११, १२ र १३ परिचालन गर्ने स्थान छनौट गरिएको छ ।
- ❖ बाटो नपुगेका नगरका विभिन्न स्थानहरुका बाटो पुऱ्याउने तथा बाटोको स्तरोन्नति साथै ट्र्याक खोल्ने, ग्रावेल गर्ने, उच्च स्तरीय ग्रावेल, ढलान, पिच र मोजायक राखिएको छ ।
- ❖ राप्ती नगर क्षेत्रभित्र राजमार्ग क्षेत्रको दाँयावाँया क्षेत्रलाई सरसफाई र अन्य व्यवस्थापनका कार्य गर्न समन्वय गरिएकोछ ।
- ❖ राप्ती नगरपालिकाका विद्युत सुविधा नपुगेका वडाहरुमा विद्युत विस्तार गर्नका लागि तीनवटै सरकार र नेपाल विद्युत प्राधिकरणका विचमा समन्वय गर्ने कार्य गरियो ।
- ❖ सिचाईको असुविधा भएको ठाउँहरुमा स्यालो ट्युववेल वोरिङका माध्यमबाट सिचाईको सुविधा पुऱ्याईएको छ ।
- ❖ खानेपानीको समस्या समाधान गर्न खानेपानी डिभिजन कार्यालय तथा साना शहरी विकास आयोजना मार्फत खानेपानीको धाराहरु वितरण गरिएको छ ।
- ❖ पूर्वाधार निर्माण तर्फ ग्रावेल वाटो ८४.६० किमी, नयाँ ट्र्याक खोल्ने कार्य ८१.६५ किमी, कालो पत्रे सडक निर्माण ५.५६ किमी, आरसिसि ढलान बाटो निर्माण ३.३१ किमी, मोजाईक बाटो निर्माण २.६१ किमी, पक्कि नाला निर्माण १०.११ किमी, सिंचाई वोरिङ्ग १३ वटा, पुल कल्भट १२ वटा, खोला तटवन्धन २.१२ किमी, घरनक्सा निर्माण १४१३ वटा, अभिलेखिकरण भवन ७३८ वटा, नयाँभवन नक्सापास ६७५ वटा, मध्यवर्ती क्षेत्रमा कंक्रिटवाल तथा मेस जाली १.१५ किमी, कृषि सम्पन्न भएको छ ।

राप्ती नगरपालिका

❖ २०/८० को ढलान बाटो निर्माण नगरपालिकाबाट, कंक्रिटवालको कार्यक्रम प्रदेशबाट र राप्ती नदिको नयाँ स्पर निर्माण एवम् मर्मत स्वीस सरकार आयोजनाबाट सञ्चालन भईरहेका छन ।

❖ नगरपालिकाद्धारा सञ्चालिन कार्यक्रम तथा सेवा प्रवाहलाई नियमन तथा व्यवस्थित गर्न नगर स्वास्थ्य समन्वय समिति, शिक्षा समिति, न्यायिक समिति, नगर अनुगमन समिति, भण्डारा अस्पताल विकास समिति, लैङ्गिक हिंसा विरुद्धको नगर समिति, पूर्वाधार समिति, लेखा समिति, सामाजिक विकास समिति, सार्वजनिक जग्गा संरक्षण समिति, अपाङ्ग समन्वय समिति, महिला समन्वय समिति, नदिजन्य पदार्थ संरक्षण समिति, हेभी इकयुपमेन्ट व्यवस्थापन समिति, द्धन्द्ध पिडित परिवार सहायता समिति, विपद् व्यवस्थापन समिति, एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति, प्रधानमन्त्रि रोजगार निर्देशन समिति, विपन्न नागरिक औषधी उपचार समिति, उद्यम विकास परियोजना समिति, लगायत अन्य समिति गठन भई क्रियाशिल रहेका छन् ।

माननीय सदस्यज्यूहरु,

**नगरपालिकाका समस्याहरु :**

- फोहरलाई उचित व्यवस्थापन गर्न नसक्नु ।
- कृषिलाई आधुनिकिकरण गरी उत्पादित वस्तुको उचित मूल्य दिलाउन नसक्नु ।
- पर्यटकीय क्षेत्रके उचित पहिचान गरी आर्थिक विकास गर्न नसक्नु ।
- नगरपालिका भित्रका सवै नदि र खोलाहरुको व्यवस्थित तटवन्ध गर्न नसक्नु ।
- नगरपालिकाको उत्तरी भूभागमा रहेका जलाधार क्षेत्रहरुको संरक्षण गर्न नसक्नु ।
- सामुदायिक विद्यालयहमा राज्यको लगानी अनुसारको प्रतिफल प्राप्त हुन नसक्नु ।
- उत्तर तर्फका खेतियोग्य जमिनमा सिंचाई व्यवस्था गर्न नसक्नु ।
- बाटो निर्माण गर्दा पिच, ढलान एवम् मोजाइकलाई प्राथमिकता दिन नसक्नु ।
- लक्षित वर्गको पँहुच हुने गरी कार्यक्रम सञ्चालन गर्न नसक्नु ।
- नगरपालिकाका सवै वडाहरुमा स्वच्च पिउने पानीको व्यवस्था गर्न नसक्नु ।
- पहाडी क्षेत्रमा वाल विवाह, सन्तान धेरै जन्माउने प्रवृत्तिलाई निरुत्साहित गर्न नसक्नु ।
- पहाडका सवै वडाहरुमा विद्युत तथा टेलिफोन विस्तार गर्न नसक्नु ।
- नगरपालिकामा सवैखाले विकृतिहरुलाई पूर्ण निरुत्साहित पार्न नसक्नु ।

माननीय सदस्यज्यूहरु,

**आ.व. २०७६/२०७७ मा गरिने कार्यहरु :**

- ✓ संघ र प्रदेश सरकारसंग समन्वय गरी आवश्यक कर्मचारीको व्यवस्था गरिनेछ ।
- ✓ नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रविधिमैत्री बनाई सेवालाई चुस्त दुरुस्त बनाईनेछ ।
- ✓ नगरपालिका र वडा कार्यालयको भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- ✓ भण्डारा स्वास्थ्य चौकीलाई २५ शैयाको अस्पतालकोरुपमा स्तरोन्नति गरी नगरपालिका भित्रका छवटै स्वास्थ्य चौकीलाई सेवामूलक र व्यवस्थित गर्न आवश्यक कार्य गरिनेछ ।
- ✓ नगरपालिका भित्रका सवै खोला तथा नदीहरुमा पक्की तटबन्ध गर्न सवै निकायसंग समन्वय गरिनेछ ।
- ✓ नगरपालिका भित्रका पहाडी क्षेत्रका वाटोहरुमा उच्च स्तरीय ग्रावेल र अन्य क्षेत्रका वाटोहरुलाई पिच, ढलान, मोजाईक टायल र उच्चस्तरीय ग्राभेल गरिनेछ ।
- ✓ संघीय तथा प्रदेश सरकारसंग साझेदारीमा निर्माण कार्यहरु गरिनेछ ।
- ✓ सिटि हल निर्माण गरिनेछ ।
- ✓ नगरपालिका भित्र निर्माण भइरहेका सवै पर्यटकीय क्षेत्रहरुलाई दीगो आम्दानी दिने क्षेत्रको रुपमा विकास गर्न आवश्यक कार्यहरु गरिने छ ।
- ✓ वडा नं. १०, ११, १२, र १३ मा विद्यालय छाड्ने दरलाई घटाउन सचेतनाका कार्यक्रमहरु गरिनेछ ।
- ✓ नगरको गुरुयोजना निर्माण गरिनेछ ।
- ✓ नगरपालिकाका सवै कार्यक्रमहरुलाई उत्पादनसंग जोडिने छ ।
- ✓ नगर भित्रका सवै खानेपानी आयोजनाहरुसंग समन्वय गरी स्वच्छ पिउने पानीको व्यवस्था गरिने छ ।
- ✓ एकीकृत सम्पत्ति करलाई कार्यान्वयन गरी सवैलाई करको दायरामा ल्याउन विभिन्न संघ संस्थासंग समन्वय गरिनेछ ।
- ✓ मानव तथा वन्यजन्तु वीचको द्वन्द्ध कम गर्न दक्षिणतर्फ कंक्रिटवाल लगाउने कार्यलाई पुरा गरिनेछ ।
- ✓ नगरपालिकाको आन्तरिक स्रोत वृद्धि गरिनेछ र सो कार्य कार्यान्वयन गर्नका लागि उद्योग वाणिज्य संघसंग समन्वय गरिनेछ ।

- ✓ समुदायलाई आर्थिक रुपबाट आत्मनिर्भर बनाउन विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासंग समन्वय गरी आयमूलक, रोजगारमूलक र उत्पादनमूलक कार्यक्रम संचालन गरिने छ ।
- ✓ राप्ती नगरपालिको कृषि, पर्यटन र पूर्वाधारको विकास गरी शिक्षा र स्वास्थ्य जस्ता संवेदनशिल क्षेत्रलाई टेवा पुऱ्याइनेछ ।
- ✓ पहाडका वडाहरुको भौगोलिक विकटता र आर्थिक विपन्नतालाई न्यूनिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ पहाड र समथरका समुदायका वीचमा हामी सवै एउटै नगरका वासिन्दा भन्ने अभियानका साथ पुर्नघुलनका कार्यक्रमहरु विभिन्न संघ संस्था, समूह एवम् विद्यालय मार्फत गरिनेछ ।
- ✓ विषयगत शाखालाई विनियोजित गरिएका वजेटलाई स्थानीय तहमा कार्यान्वयन गर्न उपप्रमुखको संयोजकत्वमा वनेको नियमन तथा अनुगमन समितिबाट स्वीकृत गराई कार्यान्वयन गरिनेछ ।
- ✓ प्रधानमन्त्रि रोजगार कार्यक्रम, तराई मधेश समृद्धि कार्यक्रम, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ ।
- ✓ स्थानीय सरकारको गठन पछि नागरिकसंग सरोकार राख्ने विभिन्न पर्व/समारोह/दिवस/कार्यक्रमहरुलाई व्यवस्थितरुपमा संचालन तथा संयोजन गर्ने जिम्मेवारी यस नगरपालिकाको रहेको सम्बन्धमा सरोकारवालाहरु सवैसंगको समन्वय, सहयोग, सहकार्य र सहभागितामा कार्यक्रमहरुलाई उपलब्धीमूलक हुने गरी संचालन तथा संयोजन गर्ने दायित्व नगरपालिकाको भएकोले आर्थिक वर्ष २०७५/७६ मा राप्ती नगरपालिकाको आयोजना/संयोजनमा देहाय अनुसार समारोह/दिवस/कार्यक्रमहरुको संचालन तथा सहजीकरण गरिनेछ । यस सम्बन्धी विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

माननीय सदस्यज्यूहरु,

**चुनौतिहरु :**

१. भौतिक संरचनाहरुको अभाव :

नगरपालिकाको भवन वनिनसकेको, अधिकांस वडा कार्यालयहरुको भवन नहुंदा दिन दैनिक जनतालाई दिने सेवा प्रभावकारी बनाउन सकिएको छैन ।

२. भौगोलिक विकटता :
नगरपालिकाको ४ वटा वडाहरु पहाडी भूभागमा पर्ने भएको र भौगोलिक जटिलता, चेतनास्तरमा कमी एवम् आर्थिक अभावले गर्दा सवै नगरवासीको अवस्था समान बनाउन सकिएको छैन ।

३. कर्मचारी अभाव
स्वीकृत दरवन्दी अनुसार कर्मचारीको व्यवस्था हुन नसक्दा वडा कार्यालयहरु एवम् कार्यालयका शाखा उपशाखाहरुबाट प्रभावकारीरुपमा छिटो छरितो सेवा दिन कठिनाई परेकोछ ।

४. बाढी प्रभावित क्षेत्र
यस नगरपालिका अन्तर्गतका राप्ती, लोथर, ढुंग्रे, सुख्खा, पम्पा, च्यात्रा, लदरा, मार्ताल लगायत धेरै खोलाहरु रहेको र यी खोलाहरुमा वर्षाको समयमा बाढी आई नगरका विभिन्न स्थानहरुमा धेरै क्षती भई वाढीबाट प्रभावित हुने गरेको छ ।

माननीय सदस्यज्यूहरु,

**अवसरहरु :**

**१. कृषि :**

कृषि उत्पादनको दृष्टिकोणले राप्ती नगरपालिका अत्यन्त महत्वपूर्ण सम्भावना भएको क्षेत्रको रुपमा रहेको छ । यस नगरपालिकाको पहाडी क्षेत्रमा फलफूल, अर्गानिक तरकारी, जडिबुटी उत्पादन, गैरकाष्ठ वन पैदावार तथा मौरिपालन, बाख्रापालन, कुखुरापालन गर्न सकिन्छ । समथर भू-भागमा धान, मकै, गहुं, तोरी खेती माछापालन, गाईभैसी, बंगुर पालन र तरकारी लगायतका बालीहरु लगायर आर्थिकरुपबाट नगरपालिकालाई आत्मनिर्भर बनाउन सकिन्छ ।

**२. पर्यटन :**

भौगोलिक हिसावले यो नगरपालिका पर्यटकीय संभावना बोकेको नगरपालिका हो । नगरको दक्षिण क्षेत्र चितवन राष्ट्रिय निकुञ्जसंग जोडिएको मध्यवर्ती क्षेत्र हो । यहाँ **open zoo** ताल, पोखरी, उद्यान, होमस्टे बनाएर आन्तरिक तथा वाह्य पर्यटकहरुलाई भित्राउन सकिन्छ भने लोथर देखि सौराहाको पर्यटन मार्गमा पर्ने यस नगरपालिकाका क्षेत्रहरुमा साईकिलिङ मार्फत पर्यटन प्रवर्द्धन गर्न सकिन्छ । यस नगरमा तराईको समथर भाग देखि चितवनकै अग्लो भाग कमिनचुली सम्मका धेरै क्षेत्रमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्न सकिन्छ । चुरे र महाभारत पर्वत श्रृखंलालाई जोडने जैविक मार्ग समेत नगरपालिकाको पूर्व सिमानामा पर्ने, सोहि मार्गले चितवनको सवै भन्दा अग्लो कमिनचुलीलाई समेत छुने भएकाले यसका माध्यमबाट पर्यटन व्यवसाय सञ्चालन गरी आयआर्जन र रोजगारीका अवसरहरु सिर्जना गर्नसक्ने सभ्भावना रहेकोछ ।

**३. उद्योग व्यापार :**

यस नगरमा उद्योग व्यापारका लागि पूर्वाधार निर्माण सहज र सरल भएकोले उद्योगहरु संचालन गर्न सकिन्छ । तोकिएका मापदण्डहरु पूरा गरेरनै उद्योगहरु स्थापना गर्न सकिने

भएकोले औधोगिक क्षेत्रहरुको विकास र विस्तार गर्न सकिन्छ । यिनै सुविधाको उपलब्धताका कारण विभिन्न उद्योग व्यवसाय स्थापना र सञ्चालनमा रहेका छन । नगरपालिकाले स्थानीय सहकारी संस्थाहरुसंग सहकार्य गरी पशु आहार दाना उत्पादन उद्योग निर्माण भैरहेको छ भने दुग्ध प्रशोधन उद्योगको डिपिआर अन्तिम चरणमा पुगेकोछ ।

**४. वन, नदिजन्य पदार्थ :**

यस नगरमा समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अर्न्तगत २५ वटा सामुदायिक वन, २ वटा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति, चितवन राष्ट्रिय निकुञ्ज क्षेत्र एवम् विभिन्न खोला नदी आदि प्रश्स्तमात्रा रहेका छन । यी प्राकृतिक श्रोत व्यवस्थापनका माध्यमबाट स्थानीय नागरिकहरुको आयआर्जन, रोजगारी र क्षमता विकास गर्ने गरी विभिन्न कार्यक्रम सञ्चालन गर्न सकिने, भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक सामाग्रीको उपलब्धता, वन, वातावरण, जैविक विविधता संरक्षणका माध्यमबाट पर्यटन लगायत अन्य क्षेत्रको विकासमा योगदान पुग्ने देखिन्छ ।

माननीय सदस्यज्यूहरु,

**आ.व. २०७६/०७७ का लागि विषयगत नीतिहरु**

**क. भौतिक पुर्वाधार तथा संरचनात्मक विकास :**

१। स्थानीय पुर्वाधार विकासमा अपरिहार्य सेवाहरु सडक, खानेपानी, साना विद्युतिकरण, सहरी विकास, तटवन्धन, फोहोरमैला व्यवस्थापन, सिंचाई लगायतका पूर्वाधार विकास आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।

२। स्थानीय लाभदायी समुदायहरुलाई समेत विकास प्रतिको अपनत्व जागृत गराई विकास योजनाको छनौट कार्यन्वयन तथा प्रतिफलमा समेत जिम्मेवारी एवम् जवाफदेही वनाउन नगद लागत सहभागितामा योजना कार्यान्वयन गरिनेछ ।

३। सहभागितामुलक योजना तर्जुमाका आधारमा सामाजिक परिचालनको माध्यमवाट वस्ती, वडा स्तरवाट छनौट भई आएका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिईने छ ।

४। समुदाय र नगरपालिकाले सयुक्त सहभागितामा विकासको कामलाई अगाडी बढाउन ३०/७० र २०/८० को कार्यक्रम सञ्चालन गरिनेछ ।

५। तीन लाख भन्दा माथिका आयोजना सञ्चालन गर्दा आयोजना स्थलमा योजना सम्बन्धि जानकारी गराउन अनिवार्य रुपमा होडिङ्ग वोर्ड राख्ने व्यवस्था मिलाईनेछ ।

६। नगद लागत सहभागिता व्यहोर्नु पर्ने योजना सम्झौता गर्न आउदा लागत सहभागिता बापतको रकम जम्मा गरेको भौचर सहित पेस गर्नु पर्नेछ ।

७। नगर यातायात गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

८। बढ्दो सार्वजनिक जग्गा तथा सडक अतिक्रमणलाई स्थानिय जनसहभागितामा नियन्त्रण गरी ऐतिहासिक, धार्मिक स्थलहरुका साथै सार्वजनिक जग्गाहरु खोजी र संरक्षण गरिनेछ ।

९। शहरी सुन्दरता र शान्ति सुरक्षालाई कायम राख्न पूर्व पश्चिम राजमार्ग र नगरका प्रमुख सडकका चोकहरुमा जिल्ला प्रशासन कार्यालयसंगको सहकार्यमा सौर्य सडकबत्ति, सिसि क्यामरा राख्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०।पूर्व पश्चिम लोकमार्गका मूख्य बजार क्षेत्रमा उत्तरबाट दक्षिणतर्फ सिधै ढल निकाशको व्यवस्था मिलाउन पहल गरिनेछ ।

११।नगरपालिकाको श्रोत साधनले सम्भव नहुने योजनालाई सम्वन्धित निकायमा योजना कार्यान्वयनका लागि  सिफारिस गरी पठाईनेछ ।

**ख. शहरी विकास :**

१. दैविप्रकोप, सम्भावित दुर्घटनाबाट आम नगरबासीको सुरक्षाको लागी शहरी विकास मन्त्रालयबाट जारी राष्ट्रिय भवन संहिता एवम् भवन निर्माण मापदण्ड र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ तथा नगरपालिकाको शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्डलाई कडाईका साथ लागू गरीने नीतिलाई निरन्तरता दिईनेछ ।

२. नगरको पूर्व पश्चिम लोकमार्ग ५० मिटर, नगर यातायात गुरु योजना अनुसार वर्गीकृत हुने “क” वर्गका प्रमुख सडकहरु ३० मिटर, “ख” वर्गका मुख्य शाखा सडकहरु २० मिटर, “ग” वर्गका शाखा सडकहरु १० मिटर र अन्य भित्री शाखा सडकहरु ६ मिटर वा नक्सामा नै सो भन्दा बढी भएमा नक्सा अनुसार सडक चौडा हुने गरी मात्र सडक मर्मतका स्वीकृत आयोजनाहरु मर्मत संभार र स्तरोन्नती गरीने छ ।

३. न्यूनतम ८ मिटर चौडा सडकसंग जोडिएको प्लटमा भित्री सडकहरु कम्तीमा ६ मिटर चौडागरी खानेपानी, विद्युत पोल, ढल र सडकको स्तरोन्नती तथा प्रचलित कानुनको अधिनमा रही कार्य गर्ने शर्तमा मात्र नयाँ प्लटिङ्गको अनुमति प्रदान गर्नसकिनेछ ।

४. अव खोलिने सबै नयाँ भित्री सडकहरुको चौडाई न्यूनतम ६ मिटर कायम गरिनेछ ।

५. नगरपालिका घोषणा पश्चात नक्सापास र स्वीकृती बिना आफु खुसी बनाईएका घर संरचनाहरु मपदण्ड विपरीत भए निजकै खर्चमा भत्काउन लगाई संरचना धनीलाई कानुनी दायराबाट दण्डजरिवाना गरी व्यवस्थित शहरी विकासमा जोड दिईनेछ ।

६. भवन निर्माणमा "एक घर दुई रुख"को नीति अवलम्वन गरिनेछ। भवन निर्माण सम्पन्न प्रमाणपत्र लिनका लागि उक्त घरको परिसरमा हुर्किएको रुख विरुवाको फोटो अनिवार्य रुपमा घरधनीले पेश गर्नुपर्ने नीति लिईनेछ।

७. आकाशको पानीलाई नालीमानखसाइ आफ्नै जग्गामा Recharge गर्ने नीति लिइनेछ।

८. भू-उपयोग नीतिमा उल्लेखित प्रावधानहरुलाई सम्बद्ध निकायसँग आवश्यक समन्वय गर्दै कार्यान्वयन प्रक्रिया अगाडि बढाईनेछ।

९. राष्ट्रिय भवन सहिंता र भवन निर्माण मापदण्ड बमोजिम बनेका पुराना घरहरुको नक्सापास गर्ने व्यवस्था मिलाइनेछ।

१०. नयाँ भवन संरचनाहरु मापदण्ड बमोजिम बनाउन नक्सापास गरी स्वीकृती दिइनेछ।

११. मापदण्ड नपुगेका नगरपालिका घोषणा हुनु अगावै बनेका पुराना घर तथा संरचनाहरु सार्वजनिक जग्गा र सडकमा पर्ने वाहेक अन्यको हकमा नगरपालिकाले तोके अनुसारको राजश्व असुल गरी अभिलेखीकरण गरेर प्रमाण पत्र दिइनेछ।

१२. नगरपालिका घोषणा हुनु पूर्व र पछि बनेका घरहरुको अभिलेख अद्यावधिक गरिनेछ।

१३. राप्ती नगरपालिकाको दीर्घकालीन योजना सहितको विस्तृत प्रतिवेदन (मास्टर प्लान) तयार गरिनेछ।

१४. नगरपालिकालाई व्यवस्थित र हरियालीयुक्त शहरको रुपमा विकास गर्न भू-उपयोगको नीतिलाई कडाइका साथ लागू गर्ने र आवश्यक पूर्वाधारको विकास गर्दै लगिनेछ।

१५. शहरी विकासको निम्ति सरकारी, नीजी र सार्वजनिक साझेदारीको आधारमा लगानी व्यवस्था गर्न पहल गरिनेछ।

१६. छरिएर बसेका घरहरुलाई एकिकृत गरी एकिकृत नमूना बस्तीको रुपमा विकास गर्ने नीति लिइनेछ।

**ग. उर्जा :**

१। लघु जलविद्युत योजना सम्भाव्यता अध्ययनका निम्ति आवश्यक व्यवस्था मिलाईनेछ।

२। विस्तृत परियोजना प्रतिवेदनका निम्ति आवश्यक पहल गरिनेछ।

३। पहाडमा सोलार वत्तिजडान सहयोग र राजमार्गमा सोलार सडकबत्तीको क्रमश : व्यवस्था मिलाउदै लगिनेछ।

४। नगरका विद्युत सुविधा नपुगेका स्थानहरुमा विद्युत विस्तार र अन्य भागहरुमा विद्युत प्राधिकरणसंग समन्वय गरी पोल र तारको व्यवस्था गर्न पहल गरिनेछ।

५। उर्जा मन्त्रालयसंगको सहकार्यमा योजनाहरु अगाडी वढाइने छ।

**घ. वन तथा वातावरण संरक्षण :**

१. मानव तथा वन्यजन्तुवीचको द्वन्द्ध कम गर्न सुरक्षा तथा सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।
२. सामुदायिक वनसंगको सहकार्यमा वन तथा वातावरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालनका साथै वृक्षारोपण कार्यलाई सघनरुपमा अगाडि बढाईनेछ ।
३. फोहोर मैला व्यवस्थापनको लागि उपयुक्त स्थानको पहिचान गरी डम्पिङ्ग साइटको व्यवस्था गर्न पहल गरिनेछ
४. नगरपालिकाको शुन्य लागतमा सरसफाई व्यवस्थापन गर्न चहाने व्यक्ति, संघ सस्थालाई प्रोत्साहन गरिने छ । फोहरमैला व्यवस्थापन गर्न जापनिज संस्था रिकिशीसंग समन्वय गरी अर्गानिक मल उत्पादन गरिनेछ ।
५. फोहोर मैला व्यवस्थापनलाई Zero Land fill Site को अवधारणा अनुसार सञ्चालन गर्ने नीतिलाई वार्षिक संस्थागत करार, प्रतिस्पर्धात्मक रुपमा संस्थाहरुसँगको साझेदारीमा उक्त कार्य व्यवस्थित गरिनेछ ।
६. जथाभावी फोहर गर्ने, सार्वजनिक स्थान र सडकहरुमा अवरोध हुनेगरी पशु चौपाया छोडने तथा निर्माण सामाग्री राख्नेलाई फोहर मैला व्यवस्थापन ऐन, नियमावली बमोजिम कडा कारवाही गरिनेछ ।
७. विश्वव्यापी उष्णता र जलवायु परिवर्तनले यस क्षेत्रको वातावरण तथा विकासमा पारेको प्रभावको वारेमा संम्भाव्यता अध्ययन गर्दै सरोकारवाला निकायहरुलाई अनुकुलन र न्युनिकरण सम्वन्धि सचेतना कार्यक्रम गरिनेछ ।
८. वातावरण सम्बन्धी प्रचलित कानूनहरुको प्रभावकारी कार्यान्वयन तथा पूर्वाधार विकास गर्दा IEE / EIA गरिने छ ।
९. छिमेकी नगरपालिकाहरुसँगको सहकार्यमा फोहोरमैला प्रशोधन केन्द्रको व्यवस्था गर्न पहल गरिने छ ।
१०. नगर वन विकास समिति गठन गरिनेछ ।

**ङ. विपद व्यवस्थापन :**

१। नगर तथा वडा स्तरिय विपद् व्यवस्थापन समितिलाई क्रियाशिल गराई विपदको अवस्थामा खोज, उद्दार, राहात र पुर्नस्थापना र पुनर्निमाणका कार्यहरु प्रभावकारीरुपमा अगाडि बढाइनेछ ।
२। यस नगरपालिका क्षेत्रको नगर तथा वडा स्तरीय विपद् व्यवस्थापन योजना तर्जुमा, परामर्शदाताको सहयोगमा समाधान गरी सम्वन्धित निकायमा आवश्यक कार्यक्रमको लागी पहल गरिनेछ ।

३। भुकम्प प्रभावितहरुका लागि छिटो अनुदान सहयोग उपलब्ध गराउन सरोकारवाला निकायहरुसंग समन्वय गरी आवश्यक पहल गरिनेछ ।

४। लोथर, मार्ताल, पम्पा, च्यात्रा, सुख्खा, गोङगोरचोक, राप्ती, ढुंग्रे, जुवा खोला तटबन्धनको लागि सरोकारवाला संस्था समेतको सहयोगमा गरिएको कार्यलाइ निरन्तरता दिईनेछ ।

५। शिक्षा नगरपालिकाले खरिद गरी राखेको विपद् व्यवस्थापनका सामाग्रीलाई तालिम प्राप्त व्यक्तिको माध्यमबाट परिचालन गरिनेछ । साथै नगरपालिकाको दमकलको सुविधा सवै क्षेत्रमा पुऱ्याइनेछ ।

**च. शिक्षा :**

१. सवै वालवालिकाहरुलाई विद्यालयमा भिकाउं, टिकाउं र सिकाउं भन्ने अभियानका साथ भर्ना अभियान कार्यक्रम संचालन गरिनेछ।विद्यालय जाने उमेर पूरा भई विविध कारणले विद्यालयमा भर्ना नभएका वालवालिकाहरुको खोजी गरी छात्रवृत्ति सहितका प्रोत्साहन कार्यक्रम सहित विद्यालयमा भर्ना गर्ने नीति लिईनेछ ।

२. प्रारम्भिक वाल शिक्षा कक्षाहरुलाई थप व्यवस्थित गरी वालमैत्री बनाउने नीति लिईनेछ।वाल शिक्षा कक्षाहरु वडा मार्फत व्यवस्थापन गरिनेछ ।

३. वाल विकास सहयोगी कार्यकर्ता, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुकका लागि क्षमता विकास कार्यक्रम र अभिभावकहरुका लागि अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने छ ।

४. पहाडी क्षेत्र वाड नं. १०, ११, १२ र १३ मा विद्यालय छोड्ने दर घटाउन वाल क्लवहरु गठन, क्षमता विकास र परिचालन एवम् विद्यालय जान प्रोत्साहन गर्ने कार्यक्रमका साथै आवाशीय छात्रवास भवन निर्माण व्यवस्थापन गर्ने कार्य लाई निरन्तरता दिईनेछ ।

५. वडा नं १०, ११, १२ र १३ का विद्यालयहरुको वाल कक्षा देखि कक्षा ५ सम्मका सवै वालवालिकाहरुका लागि दिवा खाजा कार्यक्रम संचालन गरिनेछ ।

६. सामुदायियक विद्यालयहरुको भौतिक पूर्वाधार विकास र स्तरोन्नतिको लागि आवश्यक सहयोग र सरोकारवालाहरुसँग समन्वय गरी व्यवस्थित गर्दै लगिनेछ ।

७. सामुदायिक सिकाई केन्द्रहरु मार्फत निरन्तर शिक्षा (साक्षरता) का कक्षाहरु संचालन गरिनेछ ।

८. सामुदायिक विद्यालयहरुलाई वालमैत्री र प्रविधिमैत्री बनाउने नीति लिईनेछ ।

९. विद्यालयहरुमा सूचना तथा संचार प्रविधि व्यवस्थापनका लागि स्रोत व्यवस्था गरी प्रविधिको प्रयोग गरी सिक्ने सिकाउने व्यवस्था मिलाईने छ ।

१०. विद्यालय तथा क्याम्पसहरुलाई प्राविधिक शिक्षालयको रुपमा संचालन गर्न प्राविधिक शिक्षा कार्यक्रम संचालन गर्न आवश्यक प्रक्रियाहरु अघि बढाइनेछ ।

११. नगरभरिका विद्यालयहरुको सुधार र तिनीहरुको पूर्वाधार विकासको निम्ति विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१२. नगरक्षेत्रबाट उत्कृष्ट नतिजा ल्याउने शिक्षण संस्था, शिक्षकहरु र उत्कृष्ट छात्र-छात्राहरुलाई पुरस्कार र सम्मानको व्यवस्था गरी प्रोत्साहन गरिने छ ।

१३. विद्यालयहरुको पुर्नवितरण, समायोजन तथा शिक्षक विद्यार्थी अनुपात मिलाईनेछ । एकीकृत विद्यालयहरुको अवधारणा सहित ठुला एवम् नमूना विद्यालय संचालन गर्ने सम्बन्धमा अध्ययन र तयारी गरिनेछ ।

१४. अभिभावक र विद्यालयसंगको सहकार्यमा सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधारका लागि छनौट भएका विद्यालयहरुलाई अनुदान दिने व्यवस्था मिलाईने छ ।

१५. शिक्षा क्षेत्रको खस्किदो गुणस्तरलाई ध्यानमा राख्दै, सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय गरी नगरका सबै शिक्षण संस्थाहरुको नियमित अनुगमन र नियमन गर्दै गुणस्तरिय शिक्षामा जोड दिईने छ ।

१६. सिकाई उपलब्धि सुधारका लागि विषय शिक्षकहरु प्रधानाध्यापकहरु र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षहरुवीच नतिजाको समीक्षा र सुधारका प्रयाशहरु गरिनेछ ।

१७. नगरपालिकाको नगर शिक्षा योजना निर्माण गरिने छ ।

१८. सामुदायिक क्याम्पसहरुको भौतिक पूर्वाधारहरुको बिकास तथा ब्यबस्थापन सुधार गर्न उचित पहल गरिने छ ।

१९. सामुदायिक र संस्थागत विद्यालयहरुवीच सहकार्य गरी असल अभ्यासहरुको अनुभव आदानप्रदान गर्ने व्यवस्था मिलाईने छ ।

२०. विद्यार्थीको नियमितता, शैक्षिक वातावरण निर्माण, सिकाईमा सहयोग अन्य आवश्यक सहयोग र विधिका लागि अविभावक शिक्षा कार्यक्रम लागू गरिनेछ ।

२१. नमुना विद्यालयहरुको अवलोकन भ्रमणलाई निरन्तरता दिइनेछ ।

२२. कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा सञ्चालनलाई निरन्तरता दिइनेछ ।

२३. सुत्केरी विदामा वस्ने शिक्षिकाको सट्टामा शिक्षक राख्ने व्यवस्था मिलाइनेछ ।

२४. श्रोत कक्षा (वहिरा तथा सुस्त श्रवण) सञ्चालन तथा व्यवस्थापनको लागि विभिन्न संघ संस्थासंग समन्वय गरी थप वजेटको व्यवस्था मिलाइनेछ ।

२५. पहाडी क्षेत्रमा निर्माण गरिएका छात्रवासलाई व्यवस्थित गर्न नगर शिक्षा समितिले नियमित अनुगमन गरिनेछ ।

**छ. युवा तथा खेलकुद :**

१. विद्यालय स्तरीय तथा नगरस्तरीय विभिन्न खेलकुद र अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।

२. खेलकुद क्षेत्रको विकासको लागि खेलमैदानको व्यवस्थापन गर्दै जाने र बजार क्षेत्रमा रङ्गशाला, कवर्ड हल निर्माणका लागि प्राथमिकता दिइने छ ।

३. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भागलिने नगरक्षेत्रभित्रका उत्कृष्ट खेलाडी तथा जित हाँसिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

४. नगर स्तरिय खेलकुद प्रवर्धनका लागि नगर खेलकुद विकास समिति गठन गरिने छ ।

५. राप्ती नगरपालिका वडा नं. ७ को वीरेन्द्र आदर्श उच्च माध्यामिक विद्यालयको खेल मैदानलाई खेल ग्रामको रुपमा विकास गरिनेछ ।

**ज. स्वास्थ्य :**

१. पूर्ण खोपयुक्त नगर घोषणा पश्चात गर्नुपर्ने कार्यलाई अघि बढाईने छ ।

२. नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुको भौतिक संरचना तथा व्यवस्थापन सुधारको लागि जोड दिईनेछ ।

३. नगरभित्र आयुर्वेदिक चिकित्सा प्रणाली र योग शिक्षा संचालन गर्ने व्यक्ति र संघसंस्थाहरुलाई आवश्यक सहयोग र प्रोत्साहन गरिने छ ।

४. नगरपालिका क्षेत्रमा जनस्वास्थ्यसंग सम्बन्धित कृयाकलापहरु संचालन गर्ने सबै सरकारी तथा गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रहरुसंग समन्वय गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई प्रोत्साहन गरिने छ ।

५. हाल १५ शैयामा स्वीकृत भएको भण्डारामा स्त्रीरोगको विशेषज्ञता सहितको पच्चीस शैयाको अस्पताल स्थापना गर्न पहल गरिने छ ।

६. एक वडा एक स्वास्थ चौकीको अबधारणा अनुसार नगरपालिकाको प्रत्येक वडामा स्वास्थ चौकी वा शहरी स्वास्थ्य क्लिनीक संचालन गर्दै लगिने छ ।

७. हेल्थ पोष्टहरुको स्तरोन्नति गरी विशेषज्ञता सहितको सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

८. सरकारी गैरसरकारी निकायहरुको सहकार्यमा विशेषज्ञ शिविर, आंखा शिविर तथा योग शिविरहरु संचालन गरिनेछ ।

९. स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१०. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउने नीति लिईने छ ।

## झ. खानेपानी तथा सरसफाई :

१। खानेपानीका मूलहरु र जलाधार क्षेत्रहरुको संरक्षण र सम्बर्द्धन गरिने छ ।

२। खानेपानी आयोजनाहरुको निर्माण र मर्मत गर्ने व्यवस्था मिलाईने छ ।

३। खानेपानी अभाव भएका नगरका विभिन्न स्थानहरुमा चापाकल (ट्युबेल धारा), बोरिंग, ईनार आदिको माध्यमबाट स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।

४। नगर भित्र चालु रहेका खानेपानी प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ र खानेपानीको गणस्तर जांच व्यवस्था मिलाइनेछ ।

५। पुर्व-पश्चिम राजमार्गको पर्ने दुवै तर्फको ट्रयाक सफा गर्ने कार्यलाई सडक डिभिजन कार्यालयसंग समन्वय गरिनेछ ।

६। नगर भरिका नाली भएका बाटोहरुको दुवै तर्फ वृक्षारोपण गर्न प्रोत्साहन गरिने छ ।

७। प्लास्टिक झोला प्रयोग गर्ने कार्यलाई न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

८। सरसफाई र बजार व्यवस्थापनको कार्य सञ्चालन गरिने छ ।

९। सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रमहरु खानेपानी संस्थाहरु, टोलविकास संस्थाहरु एवम् महिला समूहहरु मार्फत संचालन गरिने छ ।

## ञ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

१। महिला, आदिवासी जनजाती, दलित, अपाङ्ग (फरक क्षमता भएका व्यक्ति) वालवालिका, जेष्ठ नागरिक, सिमान्तकृत विपन्न र अवसरबाट बञ्चित लगायतको सशक्तिकरण, क्षमता विकासको लागि सिपमुलक, आयमुलक तथा रोजगारमुलक लगायतका प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजना सञ्चालन गर्ने नीति लिईने छ ।

२। बालमैत्री स्थानीय शासनको अवधारणालाई संस्थागत विकास गरी यस नगरपालिकालाई निकट भविष्यमै बालमैत्री नगर तुल्याउने नीति अंगीकार गरिनेछ ।

३। विभिन्न सरोकारवालाहरुको साझेदारीमा वाल उद्यान विकास कार्यक्रम संचालन गरिनेछ ।

४। दलित एवम् आदिवासी जनजाति, मुस्लिम, पिछडा वर्गको हक अधिकारको प्रवर्द्धन एवम् निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ ।

५। महिला, बालबालिका, आदिवासी जनजाति, मधेशी, दलित, फरक क्षमता भएका व्यक्ति, लैंगिक अल्पसंख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा शीप विकासका लागि सिपमुलक एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।

६। चेपाङ्ग जातिको उत्थानको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७। गर्भवती महिलाहरुको निम्ति पोषण, महिलाहरुको निम्ति शीपमूलक तालीम जस्ता कार्यक्रमहरु सन्चालन गरिने छ ।

८। जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने कार्यक्रम सन्चालन गरिने छ ।

९। सामाजिक सुरक्षाभत्ता वितरण बैङ्क प्रणालीलाई सुलभ र सेवाग्राहीमुखी बनाइनेछ ।

१०। नगरपालिका भित्रका सबै सरकारी कार्यालयहरुमा फरक क्षमता भएका नागरिकहरुलाई सहज हुनेगरी पूर्वाधार निर्माणको लागि आवश्यक समन्वय गरिनेछ ।

**ट. संस्कृति प्रवर्द्धन :**

१। संस्कृति भाषा साहित्य र कलाहरुको संरक्षण,सम्बर्द्धन र विकासगर्न जोड दिईनेछ ।

२। सवै धर्मको संरक्षण एवम् मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्चहरुको मर्मत संहार गर्ने व्यवस्था मिलाईने छ ।

३। सरकारी निजी तथा गैर सरकारी संघ संस्थासंगको सहकार्यमा विभिन्न सांस्कृतिक संग्रहालयको व्यवस्था मिलाउन पहल गरिने छ ।

४। .नगर भित्र Home Stay को संभाव्यता अध्ययन, संचालन र व्यवस्थापन गर्न पहल गरिने छ ।

५। संविधानले व्यवस्था गरेको धर्म निरपेक्षतालाई व्यवहारमा लागू गर्न सम धर्म सम भावको भावना विकास गरिनेछ ।

**ठ. कृषि :**

१। प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनालाई व्यवस्थित गर्दै लैजाने नीति अवलम्बन गरिने छ ।

२। नगर कृषि विकास समिति निर्माण गरिनेछ । कृषि र पशुसेवाका सबै कार्यक्रमहरु समितिको निर्णयानुसार कार्यान्वयन गरिने ।

३। साना सिचाइ कार्यक्रमलाई व्यवस्थित गरिदै लगिने छ ।

राप्ती नगरपालिका

४। पहाडी क्षेत्रमा फलफूल (आँप, लिचि, कागती, चिउरी) मौरी, च्याउ (सिताके), बेमौसमी तरकारी उत्पादनलाई जोडदिइने छ ।

५। समथर भागमा खाद्यान्न, तरकारी, माछा, मौरी, च्याउ (कन्ये र गोब्रे), फलफूल ( कागती, केरा, आँप, लिचि, मेवा, भुइकटहर) खेतीका लागि प्रोत्साहन गरिने छ ।

६। कृषियान्त्रिकिकरण, तालिम, प्रबिधिप्रसार, Protected Agriculture (संरक्षित कृषि) मा जोड दिइनुका साथै प्रस्ताबनामा आधारित कार्यक्रमलाई प्राथमिकता दिइ रोजगारमुलक कृषिक्षेत्रको बिकास गरिनेछ ।

७। रासायनिक बिषादी न्यूनिकरण गरी पूर्ण आइपिएम यूक्त नगरपालिका बनाउने गरी सुरु गरिएको कार्यक्रमलाइ निरन्तरता दिइनेछ । साथै प्राङ्गारीक पकेट क्षेत्रको बिकास गरी Certification Program को सुरुवात गर्ने र जैबिक तथा बनस्पतिक बिषादी उत्पादनमा कृषक श्रोतकेन्द्रको स्थापना गरिनेछ ।

८। राप्ती नगरपालिकाको वडा नं. १० को महिला सहकारी संस्थामा सस उद्योग सञ्चालन गरी रोजगारीका अवसर श्रृजना गरिनेछ ।

९। पहाडी क्षेत्रका तरकारी पकेट क्षेत्रमा टनेल निर्माण गरी आधुनिक व्यवसायिक कृषिका लागि आवश्यक सहयोग गरिनेछ ।

**ङ. सहकारी :**

१। सहकारी संस्थाहरुले सञ्चालन व्यवस्था कार्य प्रभावकारी बनाउन आवश्यक नीति नियम निर्देशिकाहरु तयार गरिने छ ।

२। कृषि जन्य उत्पादनमा आधारित भइ कार्य गर्ने सहकारी संस्थाहरुलाई विशेष प्रोत्साहन गरिने छ ।

३। सहकारीको नियमन व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।

४। सहकारी संस्थाहरुको भौतिक सुधार तथा शेयर सदस्य र कर्मचारीको क्षमता विकास गर्ने कार्यलाई अघि बढाइने छ ।

५। प्रतिलिटर दुधमा दिने अनुदानको वृद्धिको लागि पहल गरिने छ ।

राप्तीनगरपालिका

६। बचत तथा ऋण सहकारी संस्थाको क्षमता विकासको लागि कार्यक्रम संचालन गरिने छ ।

७। नगर स्तरीय सहकारी समन्वय समिति गठन गरी सहकारीहरुलाई व्यवस्थित, पारदर्शी, उद्यमशिलता विकास गर्न परिचालन गरिनेछ ।

८। सहकारी संस्थाहरुलाई व्यवस्थापन गर्न सहकारी शाखा सञ्चालनको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

९। कारोवारको प्रकृति, उदेश्य मिल्ने सहकारीहरुका एकिकरण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

ढ. पशुपालन :

१। स्वस्थ्य पशु, स्वस्थ मानव जीवनभन्ने नाराका साथ नगर भित्र पालिएका एक महिना भन्दा कम उमेरका पाडापाडी बाच्छा बाच्छीहरुलाई गोलो जुका किर्ना, जुम्रा बिरुद्धको औषधी निःशुल्क रुपमा बितरण गर्ने व्यवस्था मिलाईने छ ।

२। प्राणघातक जुनेटिक रोग (रेबिज) बिरुद्धको खोप कुकुरमा निःशुल्क रुपमा लगाउने व्यवस्था गरिने छ ।

३। नगरपालिकाले हरियो घाँसमा आधारित पशुपालन नीति अवलम्वन गर्दै घाँसको बिउहरु निःशुल्क रुपमा बितरण गर्ने व्यवस्थालाई व्यवस्थित गरिने छ ।

४। नगरलाई दुधमा आत्म निर्भर बनाउनगाई भैसीमा बाख्रामा गरिदै आएको कृत्रिम गर्भाधानलाई स्वजातीय कृत्रिम गर्भाधान पद्धति अपनाईने छ ।

५। उच्च नश्लको पशु उत्पादनका लागि सेक्स सिमेनको प्रयोग गरिने छ ।

६। नगरपालिका भित्र व्यवासयिक रुपमा पशुपालन गर्ने कृषक/समुह/सहकारी/समितिहरुलाई बिगतमा दिदै आएको अनुदानका कार्यक्रमहरुलाई व्यवस्थित गर्दै लगिने छ ।

७। पशुपालन व्यवसायको मूल मन्त्रको रुपमा रहेको  पशुपालन तालिमलाई नगरपालिका भित्रका सवै कृषकहरुलाई आधुनिक,व्यावसायिक, बैज्ञानिक ज्ञान प्रदान गर्नका लागि तालिमको व्यवस्था गरिने छ ।

८। पशु सेवाको सवल उत्थानका लागि प्रयोगशाला सहितको पशु अस्पताल भवन निर्माण गर्न पहल गरिने छ ।

**ण. उद्योग तथा वाणिज्य :**

१। नगर भित्र संचालनमा रहेका सवै उद्योग व्यवसायलाई नगरपालिकामा दर्ता गर्ने व्यवस्था मिलाईने छ ।

२। राप्ती उद्योग वाणिज्य संघ र राप्ती उद्योग संघको सहकार्यमा उद्योग व्यवसायीहरुको लगत संकलन गरिनेछ ।

३। स्थानीय कच्चा पदार्थहरुको प्रयोग गर्ने उद्योगहरुलाई प्रोत्साहन गरिने छ ।

४। वजार व्यवस्थापन सम्बन्धी कानूनी प्रवन्ध सहित उपभोक्ता हित संरक्षण मंचसंगको सहकार्यमा वजार व्यवस्थापन र अनुगमन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

५। नगरपालिका क्षेत्र भित्र स्थापना एवम् सञ्चालन हुन चाहने वातावरणमैत्री उद्योगहरुलाई विशेष सुविधा उपलव्ध गराइनेछ ।

**त. पर्यटन**

१। पर्यटनको माध्यमबाट आर्थिक विकास गर्न सकिने प्रशस्त सम्भावना बोकेको यस नगरपालिकामा प्रर्यटन प्रवर्द्धनका लागि योजना निर्माण र बजेटको व्यवस्था मिलाईने छ ।

२। राप्ती नगरपालिका भरि पर्यटन प्रवर्धनको कार्यको निम्ति एक ‘‘नगर पर्यटन विकास समिति राप्ती’’ गठन गर्ने र पर्यटन प्रवर्द्धनका कार्यक्रम सम्बन्धित सरोकारवालाहरु संगको समन्वय गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ ।

३। पहिचान एवम् निर्माणधिन पर्यटकीय क्षेत्रहरुलाई समयसिमा भित्र सम्पन्न गरी आम्दानीको श्रोत वनाई आत्मनिर्भर भई सञ्चालन हुने वातावरण श्रृजना गरिनेछ ।

**थ. सूचना तथा सञ्चार**

१। नगरपालिकाको सेवा संग सम्बन्धित सूचना र गतिविधीलाई विद्युतीय सञ्चार माध्यमबाट सार्वजनिक गर्ने नीति अनुरुप कार्यालयको आधिकारिक वेवसाईट, समाजिक संजालहरु Print Media तथा स्थानीय एफ. एम. बाट प्रकाशन र प्रशारण गरिने छ ।

२। संचार क्षेत्रसंग नियमित भेटघाट गर्ने व्यवस्था मिलाई नगरपालिकाको सेवालाई पारदर्शी बनाईने छ ।

३। नगरपालिका सूचनाहरु सहज किसिमले सेवाग्राहीले पाउने व्यवस्थाका लागि संचार क्षेत्रसंग सहकार्य तथा क्षमता विकास गरिने छ ।

**द. जनशक्ति व्यवस्थापन तथा प्रशासन सुधार र शुसासन**

१. विकास प्रयासलाई अन्य नगरपालिकाको विकास प्रयासवाट अनुभव आदानप्रदान गर्न कार्यवधि बनाई प्रतिनिधिमूलक टोलिलाई अन्तर नगरपालिका भ्रमण गराईने छ ।
२. प्रत्येक आर्थिक बर्षमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई सम्मान सहित पुरस्कृत गर्ने निति लिईने छ ।
३. नागरिक वडापत्रलाई व्यवस्थित बनाई समसामयिक सुधार गर्दै लगिने छ ।
४. प्रदान गरिएका सेवा सुविधालाई प्रभावकारी छिटो छरितो सरोकारवालाको सरल पहुँचको लागि कार्यालयमा सूचना अधिकारी तोकी गुनासो व्यवस्थापन गरिने छ ।
५. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकास गरिने छ ।
६. नगरस्तरीय सुपरिवेक्षण तथा अनुगमन समितिलाई निरन्तरता दिईने छ ।
७. विकास आयोजनामा भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्यका लागि शुन्य सहनशिलता Zero-tolerence सिर्जना गर्न गराउनका लागि नगर स्तरिय अनुगमन समितिको सिफारिस पश्चात मात्र भुक्तानी दिइने प्रक्रियालाई निरन्तरता दिइनेछ ।
८. नगरपालिकाद्वारा प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी, पारदर्शी एवम् जनउत्तरदायी बनाउन सघन अनुगमन, बुलेटिन, ब्रोसर प्रकाशन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, प्रगति समीक्षा नियमित रुपमा गरी सुशासनको प्रत्याभूति दिईने छ ।
९. नगरवासीहरुलाई बढी भन्दा बढी छिटो छरितो र पारदर्शी ढंगले सेवा प्रवाह गर्ने व्यवस्था गरिने छ ।
१०. नगरपालिका र वडाकार्यालयहरुको काम कम्प्युटराइज्ड प्रणालीबाट व्यवस्थित गर्दै लगिने छ ।
११. नगरपालिका र वडाकार्यालयहरुमा उजुरी पेटिकालाई व्यवस्थित गरी, पर्न आएका उजुरीहरुको चाडो भन्दा चाडो  निरुपण गर्ने व्यवस्था मिलाइने छ ।
१२. नगरपालिकाको भौतिक सम्पत्तिको सुरक्षा र अन्य कार्यलाईलाई व्यवस्थित गर्न नगर प्रहरी नियुक्त गरिनेछ ।

**ध. राजश्व परिचालन :**

१. करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
२. एकिकृत सम्पति करको अवधारणालाई प्रभावकारी ढंगबाट कार्यान्वयन गरिनेछ ।
३. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजस्व संकलनसंग आवद्ध गरी प्रभावकारी बनाईनेछ ।

४. नगर स्तरीय राजश्व परामर्श समितिले दिएको सुझाव तथा सिफारिसलाई कार्यन्वयन गर्दै आन्तरिक आय श्रोतलाई बृद्धि गर्दै लगिने नीति लिईनेछ ।

५. नगर उद्योग वाणिज्य संघ र वस्तुगत संघहरुसँग आवश्यक सहकार्य एवम् समन्वय गर्दै करको दायरालाई अभियानको रुपमा विस्तार गर्दै लगिनेछ ।

६. बार्षिक एक लाखभन्दा बढी कर तिर्ने करदाताहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।

७. कर संकलन प्रणालीलाई एकीकृत र सफ्टवेयरको प्रयोगबाट व्यवस्थित गरिनेछ ।

८. करचुहावटलाइ नियन्त्रण गर्न आवश्यक अनुगमनको व्यवस्थामिलाइनेछ ।

९. समयमै कर तिर्ने करदातालाइछुट र ढिलो गर्नेलाई जरिवानाको नीति कढाइका साथ लागू गरिनेछ ।

१०. उपयुक्त करका दरको निर्धारण गर्न राजस्व परिचालालन सम्बन्धी बैज्ञानिक र व्यवस्थित नीति निर्माण गरिने छ ।

११. वडाहरुलाई कर संकलनमा प्रतिष्पर्धी बनाउन र उत्साह प्रदान गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

**न. न्यायिक कार्यहरु :**

१. संविधान तथा स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए अनुसार आफ्ना अधिकार क्षेत्र भित्र रहेर न्यायिक समितिका कामकारवाहीलाई थप व्यवस्थित र प्रभावकारी बनाईने छ ।

२. मेलमिलाप समितिसंग समन्वय गरी न्यायिक क्षेत्रका कामलाई सम्पादन गरिनेछ ।

**प. पछाडी पारिएका समुदाय लक्षित कार्यहरु :**

१. हाल सम्म पनि सामाजिक रुपबाट अन्त्य गर्न नसकिएको जातीय विभेदलाई अन्त्य गर्न उत्पीडित जनप्रतिनिधि र नगरपालिकाको समन्वयमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२. नगरपालिकाको समन्वयमा पछाडी पारिएको समुदायहरुको वीचमा आयआर्जन, क्षमता विकास र रोजगारी श्रृजना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

अन्त्यमा नगरपालिकाको नगरसभामा अनुमोदनका लागि पेश गरिएको आ.व.२०७६/२०७७ को नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने नगर उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाअध्यक्षज्यूहरु, नगरपालिकाका सल्लाहकार सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वडासदस्यज्यूहरु, विषयगत समितिका संयोजक लगायत सदस्यज्यूहरु, शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीज्यूहरु, स्थानीय राजनीतिक दलका प्रमुखज्यूहरु, सवै क्षेत्रमा कार्यरत सामाजिक व्यक्तित्वहरु, सरोकारवाला संघसंस्थाका प्रतिनिधिहरु एवम् सम्पूर्ण

नगरवासी आमा, वुवा, दिदि, वहिनी, दाजु, भाई सवैमा हार्दिक कृतज्ञता ज्ञापन गदै नीति तथा कार्यक्रम प्रस्तुतीलाई अन्त्य गर्ने अनुमति लिदै विदा हुन्छु ।

धन्यवाद ।

प्रभा बराल
नगर प्रमुख

मिति : २०७६ साल आषाढ १० गते मङ्लवार
स्थान : मगर सभाहल, रानपा-७ सिर्जनाटोल, चितवन

अनुसूची-१

| क्र सं | पर्व/समारोह/दिवस/कार्यक्रम | महिना/मिति | आयोजक | कार्यक्रमको स्वरुप | अनुमानित बजेट | संचालन हुने स्थान |
|---|---|---|---|---|---|---|
| | आव २०७५/७६ को वार्षिक समीक्षा | साउन | नगरपालिका | वडा तथा शाखागत प्रस्तुतिकरण | | |
| | सार्वजनिक सुनुवाई कार्यक्रम | साउन | नगरपालिका | कार्यक्रम | | |
| | विश्व स्तनपान सप्ताह | साउन १६ देखि | नगरपालिका स्वास्थ्य | सचेतनामूलक कार्यक्रम | | |
| | आदिवासी जनजाति दिवस | साउन २४ गते | | | | |
| | हरितालिका तिज | भदौ १२ गते | | | | |
| | निजामति सेवा दिवस | भदौ २२ गते | नगरपालिका | कार्यक्रम | | |
| | शिक्षा दिवस | भदौ २२ गते | नगरपालिका शिक्षा | कार्यक्रम समारोह सम्मान पुरस्कार | | |
| | राष्ट्रिय वाल दिवस | भदौ २९ गते | नगरपालिका महिला | कार्यक्रम | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वालवालिका | | | |
| | संविधान दिवस | असौज ३ गते | नगरपालिका | समारोह | | |
| | जितिया वर्व | असौज ५ गते | | | | |
| | विश्व खाद्य दिवस | असौज २९ | नगरपालिका कृषि | कार्यक्रम | | |
| | दशै लगायत पर्वहरुको शुभकामना कार्यक्रम | असौज | नगरपालिका | शुभकामना कार्यक्रम | | |
| | धन्वन्तरी जयन्ती | कार्तिक ९ गते | नगरपालिका आयुर्वेद | कार्यक्रम | | |
| | लैंगिक हिंसा विरुद्दको १६ दिने अभियान | मंसिर ९ देखि २५ सम्म | नगरपालिका महिला वालवालिका | अभियानमूलक कार्यक्रम | | |
| | विश्व एड्स दिवस | मंसिर १५ गते | | | | |
| | विश्व अपाङ्गता दिवस | मंसिर १७ गते | | अपाङ्गतासंग सम्बन्धीत कार्यहरु | | |
| | स्वयम्सेविका दिवस | मंसिर १९ | नगरपालिका स्वास्थ्य | सम्मान कार्यक्रम | | |
| | विश्व मानवअधिकार दिवस | मंसिर २४ | | | | |
| | क्रिसमस डे | पुष ९ गते | | | | |
| | तमु ल्होसार | पुष १५ गते | | | | |
| | योजना तथा कार्यक्रम समीक्षा | पुष माघ | नगरपालिका | वडा तथा शाखागत प्रस्तुतिकरण | | |
| | सार्वजनिक सुनुवाई | माघ | नगरपालिका | सुनुवाई कार्यक्रम | | |
| | नगर सभा | माघ | नगरपालिका | सभा | | |
| | राष्ट्रिय भुकम्प सुरक्षा दिवस | माघ २ गते | | | | |
| | सोनम ल्होसार | माघ ११ गते | | | | |

गाउँनगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नेपाल नर्सिङ दिवस | माघ १५ | | | | |
| | सहिद दिवस/ बसन्त पन्चमी | माघ १६ गते | | | | |
| | प्रजातन्त्र दिवस | फागुन ७ गते | नगरपालिका | समारोह | | |
| | अन्तर्राष्ट्रिय नारी दिवस | फागुन २५ गते | नगरपालिका | कार्यक्रम | | |
| | विश्व क्षयरोग दिवस | चैत्र ११ | | | | |
| | सहकारी दिवस | चैत्र २० गते | | कार्यक्रम सम्मान | | |
| | विश्व स्वास्थ्य दिवस | चैत्र २५ | | | | |
| | नयां बर्ष | बैशाख १ गते | | | | |
| | लोकतन्त्र दिवस | वैशाख ११ गते | | | | |
| | विश्व श्रमिक दिवस | वैशाख १८ | | | | |
| | गणतन्त्र दिवस | जेठ १५ गते | नगरपालिका | समारोह कार्यक्रम | | |
| | विश्व धुम्रपानरहित दिवस | जेठ १७ | | | | |
| | रेविज र दुध दिवस | जेठ १७ | नगरपालिका पशुसेवा | कार्यक्रम | | |
| | विश्व वातावरण दिवस | जेठ २२ | | | | |
| | अन्तर्राष्ट्रिय योग दिवस | असार ७ | | | | |
| | नगर सभा | असार १० गते | नगरपालिका | सभा | | |
| | राष्ट्रिय धान दिवस | असार १५ गते | नगरपालिका कृषि | कार्यक्रम | | |
| | विश्व जनसंख्या दिवस | असार २६ | | | | |
| | कार्यपालिका वैठक | प्रत्येक महिना | | | | |